# बन्दीपुर गाउँपालिका

# बन्दीपुर राजपत्र

बन्दीपुर गाउँपालिकाद्वारा प्रकाशित

खण्ड: ०८ संख्या:०६ मिति:२०८१/०६/०१

## भाग २

## बन्दीपुर गाउँपालिका

### गाउँ कार्यपालिका कार्यालयको सूचना

# बाख्रा साटासाट कार्य संचालन कार्यविधि २०८१

# बाख्रा साटासाट कार्य संचालन कार्यविधि २०८१

प्रस्तावना

बन्दिपुर गाउँपालिका भित्र बसोवास गरी पशुपालनमा संलग्न रहेका कृषकहरुको पशुपालन (बाख्रा) को माध्यमबाट आर्थिक स्तर उकास्नका लागी उन्नत जातको बाख्रा/बोका गाउँपालिकाको तर्फबाट निःशुल्क रुपमा वितरण गर्न बान्छनीय देखिएकोले बन्दिपुर गाउँपालिकाले यो कार्यविधि बनाएको छ ।

परिच्छेद १

१. संक्षिप्त नाम

(क) यो कार्यविधिको नाम बिपन्न कृषकहरुलाई बाख्रा साटासाट कार्य संचालन कार्यविधि २०८१ रहने छ ।

(ख) कार्यविधि कार्यपालिकाबाट स्वीकृत भएको मितिबाट लागु हुनेछ ।

२. परिभाषा

(क) अनुदान' भन्नाले कार्यक्रम संचालनका लागि गाउँपालिका वाट प्रदान गरिने रकमलाई जनाउने छ।

(ख) कार्यपालिका भन्नाले बन्दिपुर गाउँपालिकाको गाउँ कार्यपालिकालाई जनाउने छ ।

(ग) कार्यविधि भन्नाले बिपन्न कृषकहरुलाई बाख्रा साटासाट कार्यक्रम संचालन कार्यविधि २०८१ लाई जनाउने छ।

(घ) कार्ययोजना — बन्दिपुर गाउँपालिकाको गाउँ सभाबाट पारित योजनालाई जनाउने छ ।

(ङ) कृषक समुह- कृषक समूह भन्नाले बन्दिपुर गाउँपालिकामा बसोबास गरेका कम्तीमा १० जना र बढीमा १५ जना बिपन्न कृषकहरु प्रचलित कानुन बमोजिमको आधिकारिक निकायमा दर्ता वा अभिलेख भई बनेको कृषक समुहलाई जनाउने छ।

३. उद्देश्यहरुः

यस कार्यक्रमको उद्देश्यहरु देहाय बमोजिम रहेका छन् ।

(क) जातिय प्रतिस्थापन, नश्ल सुधार र छनोट विधिको माध्यमबाट बाख्राको उत्पादन र उत्पादकत्व बढ़ाउने ।

(ख) निर्वाहमुखि बाख्रा पालनको व्यवसायिक रुपान्तरमा सहयोग पुर्याउने ।

(ग) मासु तथा मासुजन्य पदार्थमा स्थानिय स्तरमा आत्मनिर्भरता हासिल गर्ने राज्यको लक्ष्य प्राप्तीमा टेवा पुर्याउने ।

परिच्छेद २

४. कार्यक्रम संचालन सम्बन्धि व्यवस्था
कार्यक्रमको अबधिः चालु आ.ब. २०८१/०८२ को अषाढ मसान्त सम्म रहने छ ।

५. अनुदान रकम बाट संचालन गर्ने सकिने क्रियाकलापः बन्दिपुर गाउँपालिकाको पशुपन्छी तथा मत्स्य विकास शाखाबाट विनियोजीत रकम गाउँपालिका भित्रको समुहमा प्रजनन योग्य माउ बाख्रा वा व्याड बोका खरिद एवं ढुवानिमा प्रयोग गर्न सक्नेछन् ।

६. समुह गठन गर्दा अनुसूची १ अनुसारको विवरण तयार गर्ने र एउटै टोल समुदायको कम्तीमा १० जना तथा बढीमा १५ जना कृषक रहनेगरी समुह गठन गर्ने। संख्या अपुग भएमा पायक पर्ने अर्को टोल समुदायको कृषक समेत समावेश गराउने र गठित समुह विधान बमोजिम सम्बन्धीत निकायमा दर्ता हुनु पर्ने छ ।
७.सम्झौता : अनुसुची २ अनुसार दुईपक्षीय सम्झौता गरि कार्यकम संचालन गर्ने।
८.शर्तहरु : माउ बाख्रा र व्याड बोकामा हुनुपर्ने गुणहरु अनुसुची ३ अनुसार हुनुपर्ने छ ।

**कार्यक्रम खर्च भुक्तानि प्रकृया**
बन्दिपुर गाउँपालिका गाउँसभा वाट विनियोजन भएको बजेट गाउँ सभा वाट वा आर्थिक बिकास समितिबाट पारित मुल्य वा स्थानिय दरभाउ मुल्यमा माउ बाख्रा/बोका खरिद गरि गठित समुहका सदस्यहरुलाई वितरण गर्न पेश्की निकासा वा कार्यकम सम्पन्न पश्चात विल भरपाई पेशगरि भुक्तानि लिइनेछ । यसको सम्पूर्ण कार्य विषयगत शाखा मार्फत हुनेछ ।

**परिच्छेद ३**

विविध
कार्वाही : यो कार्यबिधि बमोजिम अनुदानको दुरुपयोग भएको पाईएमा प्रचलित कानुन बमोजिम कार्वाहि गरी असुल उपर गरिनेछ ।
बाधा अड्काउ फुकाउ : यो कार्यबिधि बमोजिम कार्य संम्पन्न गर्न कुनै बाधा अड्काउ परेमा यसै गाउँपालिकाले आवश्यक निर्णय गरि त्यस्तो बाधा अड्काउ फुकाउन सक्ने छ ।
अनुगमन : विषयगत शाखा,***गाउँ कार्यपालिकाको सदस्य सचिव*** र सम्बन्धीत वडाको जनप्रतिनिधि वाट अनुगमन गरिनेछ ।

## अनुसुची-१

कार्यक्रममा आबद्ध कृषकको व्यक्तिगत विवरण

कार्यक्रममा आबद्ध कृषकको विवरण :

समुहको नामः

ठेगाना :

| सि.न. | कृषकको नाम | ठेगाना | उमेर | परिवार संख्या | बिद्धमान बाख्राको संख्या | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | बोका | माउ | पाठा/ पाठि | पठेङग्रा/ पठेङग्री | जम्मा |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |

## अनुसुचि २

बाख्रा साटासाट कार्यक्रम संचालनका संझौता पत्र २०८१

बन्दिपुर गाउँपालिकाबाट संचालन चालु आ.व. २०८१ मा बाख्रा साटासाट कार्यक्रम संचालन गर्न बन्दिपुर गाउँपालिका त्यस पछि प्रथम पक्ष भनिने) श्री ..........................................समुह यस पछि दोश्रो पक्ष भनिने) विच तपशिलका शर्तहरु पालना गर्न मंजुर भई यो द्विपक्षिय संझौता / सहमति गरि लियौ दियौ ।

तपशिल

१. पहिलो पक्षले दास्रो पक्षलाइ एक वटा माउ बाख्रा वा एक वटा बोका उपलब्ध गराउनु पर्नेछ ।

२. दोस्रो पक्षले पहिलो पक्ष बाट प्राप्तगरेको बाख्रा बाट जन्मेको एक वटा प्रजनन योग्य पाठी अर्को गठित समुहका सदस्यलाइ प्रदान गर्नु पर्नेछ । (एक पटकको लागि मात्र )

३. पहिलो पक्षले नियमितरुपमा दोस्रो पक्षको कार्यक्रमको अनुगमन गर्नेछ ।

४. यस संझौतामा उल्लेखित काम गर्दा परिआउन सक्ने कुनैपनि प्राकृतिक प्रकोप तथा अन्य आकस्मीक विपदमा पहिलो पक्ष जिम्मेवार हुने छैन । र सोको जानकारि पहिलो पक्षलाई तुरुन्त लिखित रुपमा जानकारि गराउनु पर्नेछ ।

५.यस सम्झौतामा उल्लेख भए भन्दा अन्य व्यहोराको हकमा प्रचलित नियम कानुन बमोजिम हुनेछ ।

पहिलो पक्ष
बन्दिपुर गाउँपालिका कार्यालयको तर्फ बाट
नाम :
दस्तखतः
मितिः
कार्यालयको छापः
रोहवरः
विषयगत शाखाको तर्फ बाट
नामः
दस्तखतः
मितिः

दोस्रो पक्ष
कृषक समुहको तर्फ बाट
नाम/ठेगाना
दस्तखतः
मिति
सम्पर्क न.

## अनुसुची-३

बाख्रा साटासाट कार्यक्रमको बाख्रा र बोकाको मापदण्ड

(क) प्रजनन योग्य माउ बाख्रामा हुनुपर्ने गुणहरुः

१. दुई वा दुई भन्दा बढि पाठापाठि जन्माउने माउ बाख्राको सन्तान हुनुपर्ने ।

२. माउ बाख्राको माउ र बाउ बीच नाता नभएको हुनुपर्ने ।

३. पहिलो पटक व्याउने उमेर बढीमा सत्र महिना हुनुपर्ने ।

४. वर्षमा दुई वा तिन पटक व्याउने विशेषता भएको हुनुपर्ने ।

५. छनौट गरि, बथानमा राखिने बाख्राको जात अनुसारको गुण भएको ।

६. राम्रो दुध उत्पादन हुनुको साथै बच्चा हुर्काउन सक्ने सारिरिक बनावट अनुसार थुन र कल्चौडो मिलेको ।

७. कुनै किसिमको रोग नलागेको ।

८. स्थानिय हावा पानीमा हुर्कन सक्ने साथै स्थानिय घाँसपात रुचाउने खालको हुनुपर्ने ।

(ख) प्रजनन बोकामा हुनुपर्ने गुणहरुः

१ दुई वा दुई भन्दा बढि पाठापाठी जन्माउने माउ बाख्राको सन्तान हुनुपर्ने ।

२. बोकाको माउ र बाउ बीच नाता नभएको हुनुपर्ने ।

३. आफ्नो दौतरिहरुको भन्दा बढी शारिरिक वृद्धिदर भएको ।

४. जातिय गुण भएको ।

५. दुवै अण्डकोष राम्रो विकास भएको र आकार बराबर भएको ।

६. कुनै रोग नलागेको ।

७. चौडा छाति सिधा तथा बलियो खुट्टा तथा टाउको र गर्दनको अनुपात मिलेको हुनुपर्ने ।

स्वीकृत मितिः२०८१/०५/३१

आज्ञाले
यादवराज आचार्य
प्रमुख प्रशासकिय अधिकृत